चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश
नेपाल
०८८-४०११४६

प.सं. :- २०८०।०८१
च.नं. :-

## प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना।

**(प्रकाशित मिति : २०८०।०५।३१)**

चौरजहारी नगरपालिका रूकुम (पश्चिम) को आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत सशर्त कार्यक्रमको शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकको बजेट कार्यान्वयनका लागि विद्यालय छनोट गर्नुपर्ने भएकोले यसै सूचनाका साथ संलग्न कार्यक्रम कार्यान्वयन पुस्तिका – २०८० बमोजिमको ढाँचा र आधारहरूमा आधारित भइ गत आर्थिक वर्षमा यस किसिमको अनुदान प्राप्त नगरेका र दोहोरो नपर्ने गरी इच्छुक विद्यालयहरूले आवश्यक र छनोट पर्न सक्ने सम्भावित कार्यक्रमहरूको छुट्टाछुट्टै प्रस्तावना तयार गरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित मिति २०८० असोज १५ गते कार्यालय समयभित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्नुहुन सम्बन्धित विद्यालयहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | कार्यक्रम | कोटा | बजेट |
|---|---|---|---|
| १. | विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फर्निसिङ, किताब खरिद तथा इ-पुस्तकालय समेत) | १ | ६ लाख ५० हजार |
| २. | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | १ | ६ लाख ५० हजार |
| ३. | शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २ | पहिलो विद्यालयलाई ३ लाख र दोस्रो विद्यालयलाई २ लाखसम्म |
| ४. | पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयन | १ | ५ लाख |

## प्राथमिकता, आधारहरू र प्रक्रिया

**१. विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फर्निसिङ, किताब खरिद तथा इ-पुस्तकालय समेत)।**

(क) पुस्तकालय नभएका माध्यमिक विद्यालयहरू,

(ख) गत आ.व. मा पुस्तकालय व्यवस्थापन अनुदान प्राप्त नगरेका माध्यमिक विद्यालयहरू,

(ग) विद्यार्थी संख्या उच्च रहेका विद्यालयहरू,

टिकाजंग ओली
शाखा प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश
नेपाल
०८८-४०११४६

प.सं. :- २०८०।०८१

च.नं. :-

(घ) पुस्तकालय व्यवस्थापनका लागि आवश्यक कक्षाकोठा रहेका विद्यालयहरू,

(ङ) स्थानीय तहका सबै माध्यमिक विद्यालयले यस प्रकारको अनुदान एकपटक प्राप्त गरी सकेको सुनिश्चित गरी उच्च विद्यार्थी संख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयहरूलाई अनुदान उपलब्ध गराउन सकिनेछ।

**२. विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान।**

(क) कक्षा ११-१२ मा विज्ञान विषय अध्यापन हुने विद्यालय,

(ख) विज्ञान प्रयोगशाला नभएका विद्यालय,

(ग) विद्यार्थी संख्या उच्च रहेको विद्यालय,

(घ) स्थापनाका आधारमा जेष्ठ विद्यालय,

(ङ) गत आ.व.मा विज्ञान प्रयोगशाला व्यवस्थापन अनुदान प्राप्त नगरेका विद्यालय,

(च) स्थानीय तहका सबै माध्यमिक विद्यालयले यस प्रकारको अनुदान एकपटक प्राप्त गरी सकेको सुनिश्चत गरी उच्च विद्यार्थी संख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयहरूलाई अनुदान उपलब्ध गराउन सकिनेछ।

**३. शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान।**

(क) आधारभूततर्फ कम्तिमा १०० विद्यार्थी र माध्यमिक तर्फ २०० विद्यार्थी भएका विद्यालय,

(ख) सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धतिबमोजिम प्राप्त गरेको समष्टिगत अंकमध्ये क्रमश : पहिलो र दोस्रो उच्च अंक प्राप्त गरेका विद्यालय।

**४. पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयन।**

(क) गत आ.व. मा अनुदान प्राप्त गरेको हिमालय माध्यमिक विद्यालय खोलागाउँलाई निरन्तर,

(ख) यस आ.व. मा गर्ने कार्यक्रमको विवरण तथा कार्ययोजना,

(ग) गत आ.व.मा सम्पादित कार्यको प्रगति प्रतिवेदन।

टिकाजंग ओली
शाखा प्रमुख